# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पञ्चमी, पाँचथर
## १ नं. प्रदेश, नेपाल

पत्र संख्या – ०७६/७७
चलानी नं.

### सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

प्रथम पटक सूचना प्रकासित मिति : २०७६/०६/१०

यस गाँउपालिका क्षेत्र भएर बग्ने कावेली, तमोर नदिवाट ढुंगा, गिटी, बालुवा तथा ग्राभेल समेत संकलन तथा विक्रि गर्न तपसिल बमोजिम उल्लेखित न्यूनतम ठेक्का अंकमा नघट्ने गरी आ.व. ०७६/७७ को लागि ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले इच्छुक नेपाली नागरिक, फर्म, संस्था तथा कम्पनीहरुवाट तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही शिलवन्दी दरभाउपत्र पेश गर्नुहुन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

| क.स. | आन्तरिक आय बन्दोबस्त ठेक्का नं. | ठेक्काको विवरण | न्युनतम वार्षिक ठेक्का अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र फाराम दस्तुर |
|---|---|---|---|---|
| १ | १/०७६-७७ | हिलिहाङ गाउँपालिका भित्र बग्ने तमोर र कावेली नदि अन्तर्गतको पिनासी बगर, लिम्बुनी पुल, त्रिवेणी दोवान, सिरुपा बगर र माल्बासे बगर आसपासका नदी किनार क्षेत्रबाट ढुङ्गा, गिटि, बालुवा बिकी कर संकलन । | ८,४९,३४२.०६। | रु. १,०००। |

शर्तहरु

- दरभाउपत्र फराम यो सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र दस्तुर तिरी यस कार्यालयवाट कार्यालय समयमा खरिद गर्न सकिने छ ।
- दरभाउपत्र साथ आफुले कवोल गरेको अङ्कको ५% (प्रतिशत) ले हुने रकम यस कार्यालयको सिभिल बैंक शाखा गोपेटार स्थित धरौटी खाता नं ०६४१०१७८११६०३२ मा जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको न्युनतम् १२० दिन मान्य अवधि भएको बोलपत्र जमानत साथ नागरिकताको प्रमाणपत्रको प्रतिलिपी साथै राखी खाम बाहिर प्रष्ट बुझिने गरि ढुंगा, गिटी, बालुबा संकलन तथ बिक्रि कार्यको शिलबन्दी दरभाउपत्र उल्लेख गरि दरभाउपत्र दाताको नाम, थर, ठेगाना समेत स्पष्ट उल्लेख गरि पेश गर्नुपर्नेछ । फर्म वा कम्पनीका हकमा व्यवसायी प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा कर चुक्ताको प्रमाणपत्र समेत समावेश हुनुपर्नेछ । खरिद भएको दरभाउपत्र स्पष्टसँग भरि शिलबन्दी लाहाछाप लगाई यो सूचना

प्रमुख प्रशासकिय अधिकृत

# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पञ्चमी, पाँचथर
## १ नं. प्रदेश, नेपाल

पत्र संख्या – ०७६/७७

चलानी नं.

प्रकाशित भएको मितिले १६ औं दिनको १२ :०० बजे भित्र यस कार्यालयमा दर्ता गराइ सक्नु पर्नेछ । दरभाउपत्र दाताले दरभाउपत्रमा कुनै संशोधन गर्न चाहेमा १६ औं दिनको १२:०० बजे भित्रमा संशोधन गरि पुनः दरभाउपत्र निवेदन दर्ता गराइ सक्नु पर्नेछ ।

- रीत पुर्वक दर्ता हुन आएका दरभाउपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २:०० बजे कार्यालयको प्रतिनिधिहरु एवं दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिनेछ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि दरभाउपत्र खोल्ने काममा बाधा पर्ने छैन ।
- रीत नपुगी, म्याद नाघी तथा कुनै शर्त राखि आएका दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।
- ठेकेदारले सम्झौताको समयमा सम्पूर्ण ठेक्का रकमको पहिलो किस्तामा ५०% (प्रतिशत) बुझाउनु पर्नेछ र दोश्रो किस्तामा बाँकी रहेको ५०% (प्रतिशत) रकम फागुन महिनाको अन्तिम हप्ता भित्र यस कार्यालयमा बुझाउनु पर्नेछ । पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि १३ महिनाको म्याद भएको यस कार्यालयको नाममा जारी भएको बैंक ग्यारेन्टी (परफर्मेन्स बोन्ड) पेश गर्नुपर्ने छ ।
- निर्माण सामग्रीहरु निकाल्दा स्वीकृत प्रारम्भिक वातावरणीय प्रतिवेदन (IEE Report) अनुसार र असार, श्रावण, भाद्र महिना बाहेकको समयमा निकाल्नु पर्नेछ । तोकिए बमोजिम पुल पुलेसा, संरक्षण क्षेत्र, राजमार्ग, बाटो आदी बाट ५००/५०० मिटर दायाँ बायाँ बाहिरबाट, कुलो खानेपानीको मुहान, कुवा जस्ता क्षेत्रहरु बाट ५०/५० मिटर दायाँ बाँया बाहिरबाट र खोलाको किनारको दुवैपट्टी १५/१५ मिटर किनारा छाडि निकाल्नु पर्नेछ । नेपाल सरकारको नीति निर्देशन अनुसार खोलाको सतहलाई IEE Report ले तोकेभन्दा गहिरो नहुने गरिमात्र निर्माण सामाग्री निकाल्नु पर्नेछ । विदेशी मित्र राष्ट्रबाट सोझै सञ्चालन हुने आयोजनका निमित्त प्रयोग हुने ढुंगा, गिटी, बालुवा, ग्रभेल जस्ता सामाग्रीको हकमा नेपाल सरकारसँग गरेको सम्झौतामा स्थानीय कर लिन नपाउने उल्लेख रहेछ भने सोमा कर र शुल्क लिन पाईने छैन ।
- कुनै कारण देखाइ ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार हिलिहाङ गाँउपालिकामा रहनेछ । दर्ता हुन आएका दरभाउपत्र मध्ये स्वीकृत दरभाउपत्रवालालाई सम्झौता गर्न आउन भनि सूचना दिइने छ । सम्झौता गरी प्रचलित ऐन नियम बमोजिम पट्टा पुर्जि लिइ ठेक्का सञ्चालन गर्नु पर्नेछ ।

प्रविन दाहाल

प्रमुख प्रशासकिय अधिकृत

# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पञ्चमी, पाँचथर
## १ नं. प्रदेश, नेपाल

पत्र संख्या – ०७६/७७
चलानी नं.

- दरभाउपत्रदाताले दरभाउपत्रमा मूल्य अभिवृद्धि कर बाहेको ठेक्का अंक उल्लेख गर्नुपर्ने छ। प्रचलित कानुन बमोजिम लाग्ने कर दस्तुर लगायतका बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ।
- दरभाउपत्र खरिद गर्ने तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरु विदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।
- कर, शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नुपर्ने छ। नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाइ यस कार्यालयमा पेस गरि प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ।
- दरभाउपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि राजस्व कार्यालयबाट कर चुक्ताको प्रमाण पेस गरेपछि मात्र फिर्ता दिइनेछ।
- यस हिलिहाङ गाउँपालिकाले तोकेका स्थानमा मात्र संकलन केन्द्र राखि कर र शुल्क असुल गर्नु पर्नेछ। सवारी आवगमनलाई अवरोध हुने गरि ढाट राख्न पाइने छैन।
- यस ठेक्का सम्वन्धि कुनै विवाद सिर्जना भएमा हिलिहाङ गाउँपालिकाको निर्णय अन्तिम हुनेछ।
- ढुङगा, गिटी, बालुवा, ग्रावेलजस्ता सामग्री खोलाबाट संकलन गरि गाउँपालिकाले तोकिदिएको स्थानमा घाटगद्दि गर्नु पर्नेछ।
- यस ठेक्काको अवधि सम्झौता भएको मिति देखि २०७६ असार मसान्त सम्म कायम हुनेछ।
- अन्य विस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ।

०७६।६।१०

प्रबिन दाहाल
प्रमुख प्रशासकिय अधिकृत